**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०८।०५ गतेको ३८ औं बैठकका निर्णयहरुः**

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०८।०५ गतेको ३८ औं बैठकका निर्णयहरुः**

१. श्री कल्याणी आधारभूत विद्यालयमा रहेको समस्याको बारेमा डोलामाइट चुनढुङ्गा प्रा.लि.लाई आवश्यक सहयोग गर्न पत्राचार गर्ने निर्णय गरियो ।

२. गाउँपालिकाको वडा नं. ४ मा रहेको सत्यवती मन्दिरमा मिति २०८०।०८।०७ गते देखि ११ गते सम्म सञ्चालन हुने मेलालाई तपशिल अनुसार व्यस्थापन गर्ने निर्णय गरियो ।

क) मिति २०८०।०७।०७ गते देखि ११ गते सम्म कार्यपालिका सदस्यहरुलाई आपसमा समय मिलाई मेला व्यवस्थापन गर्न जिम्मेवारी तोक्ने निर्णय गरियो ।

ख) मिति २०८०।०८।१० गते राती ११ बजे सम्म यस गाउँपालिकाको विभिन्न वडाहरुमा प्रचलनमा रहेका विभिन्न साँस्कृति कार्यक्रमहरु प्रस्तुत गरी सांस्कृति कार्यक्रम गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

ग) मेलाको समय अवधि २०८०।०८।०७ गते देखि ११ गते सम्म सत्यवती मेलामा आउने श्रदालु भक्तजनहरुलाई आवागमनमा सहजता ल्याउन वडा नं. ३ को झुम्साबाट प्रवेश मात्र गर्ने र वडा नं. ५ को गिट्टीखानीबाट बाहिर निस्कने गरी एक तर्फि मात्र सवारी साधन सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

घ) मेला अवधि भरी मन्दिरमा उठ्ने भेटीलाई व्यवस्थापन गर्न मन्दिर परिसरमा सि.सि.क्यामेरा जडान गर्ने र मेला अवधिमा उठेको भेटी मिति २०८०।०८।१२ गते कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा गाउँपालिकाका कर्मचारीहरुलाई समेत खटाइ गणना गरी उपयुक्त तरिकाले व्यवस्थापन गर्ने निर्णय गरियो ।

ङ) सत्यवती मेलाको उपलक्ष्यमा २०८०।०८।११ गते यस गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्था, सरकारी कार्यालयहरु मा स्थानीय विदा दिने निर्णय गरियो ।

च) सत्यवती मेला अवधि भरी सुरक्षा व्यवस्था मिलाउन जिल्लाका विभिन्न सुरक्षा नियकायहरुलाई सुरक्षा व्यवस्था मिलाउन पत्राचार गर्ने निर्णय गरियो ।

३. गाउँपालिका भित्र रहेका विभिन्न सडकहरु मर्मत गरी सवारी आवागमन गराउने क्रममा वर्षाको कारणले धेरै क्षति हुन गएकोले गाउँपालिकाले विनियोजन गरेको रकम रु. ३० लाखले नपुग्ने अवस्था आएको र काम गर्दा अनुमानित रु. ७० लाख रकम लाग्ने देखिएकोले आवश्यक ४० लाख रकम हाललाई उद्दार राहत तथा पुनःर्स्थापना शिर्षकबाट खर्च लेख्ने र सो रकम आगामी गाउँसभाबाट अनुमोदन गराइ पुन उक्त शिर्षककमा रकम व्यवस्था गर्ने निर्णय गरियो । वडाहरुमा तपशिल अनुसार रकम आवश्यक पर्ने देखिएकोले सोही अनुसार रकम खर्च गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिलः

तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०८।०५ गतेको ३८ औं बैठकका निर्णयहरुः

| क्र.सं. | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाका सबै वडाहरु ठेक्काबाट | १५,००,०००।- | |
| २ | वडा नं. १ का विभिन्न सडकहरु मर्मरत संभार | २४,००,०००।- | |
| ३ | वडा नं. ३ का विभिन्न सडकहरु मर्मरत संभार | ६,५०,०००।- | |
| ४ | वडा नं. ४ का विभिन्न सडकहरु मर्मरत संभार | १०,००,०००।- | |
| ५ | वडा नं. २ का विभिन्न सडकहरु मर्मरत संभार | १०,००,०००।- | |
| ६ | वडा नं. ५ का विभिन्न सडकहरु मर्मरत संभार | | |
| ७ | वडा नं. ६ का विभिन्न सडकहरु मर्मरत संभार | | |
| ८ | सडक मर्मत गर्न इन्धन भुक्तानी वडा नं. १ र ६ | ४,००,०००।- | |
| | जम्मा | ७०,००,०००।- | |

४. गाउँपालिकाका दलित तथा विपन्न समुदायका नागरिकका परिवारलाई ५०% अनुदानमा स्वास्थ्य विमा कार्यक्रममा सहभागि गराउन विनियोजन भएको रकम रु. ३ लाखबाट यस गाउँपालिकाका तपशिल अनुसारका वडाहरुका निम्नअनुसार परिवार संख्या निर्धारण गरी रकम उपलब्ध गराउने निर्णय गरियो । वडा समितिको निर्णय तथा वडा कार्यालयको सिफारिसको आधारमा सम्बन्धित परिवारको बैंक खातामा रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | वडा नं. | संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ३५ | |
| २ | २ | २५ | |
| ३ | ३ | २५ | |
| ४ | ४ | २५ | |
| ५ | ५ | २५ | |
| ६ | ६ | ३५ | |

५. यस गाउँपालिकाका तपशिल अनुसारका वडाहरुमा एकिकृत घुम्ति शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | वडा नं. | मिति | शिविर सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | १ | २०८०।०८।१७ | ठूलि उदाङ | |
| २ | | २०८०।०८।१८ | कचल वडा कार्यालय | |
| ३ | | २०८०।०८।१९ | ओखलढुङ्गा | |
| ४ | २ | २०८०।०८।२२ | बगाहा सामूदायिक भवन | |

तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०८।०५ गतेको ३८ औं बैठकका निर्णयहरुः

| क्र.सं. | वडा नं. | मिति | शिविर सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| ५ | २ | २०८०।०८।२४ | गाउँपालिका भवन | |
| ६ | ३ | २०८०।०८।२५ | श्री डाँडा | |
| ७ | | २०८०।०८।२६ | फुलबारी | |
| ८ | ४ | २०८०।०८।२८ र २९ | वडा कार्यालय भवन | २ दिन |
| ९ | ५ | २०८०।०९।01 र ०२ | वडा कार्यालय भवन | २ दिन |
| १० | ६ | २०८०।०९।०३ | वडा कार्यालय भवन | |
| ११ | | २०८०।०९।०४ | सम्पर्क कार्यालय डुम्रे | |

६. यस गाउँपालिकाको गाउँ कार्यपालिकाको नियमित बैठक प्रत्यक महिनाको ६ गते ११ बजे बस्ने निर्णय गरियो । उक्त दिन सार्वजनिक विदा परेको खण्डमा लगत्तै अर्को दिन बैठक बस्ने निर्णय गरियो ।

७. यस गाउँपालिकाको भूत खोला सामूदायिक वनले सञ्चालन गरिरहेको पर्यटकिय स्थल भूतखोलामा दुर्घटनाहरु बढ्दै गएकोले दुर्घटना न्यूनिकरण गर्ने विषयमा छलफलका लागि भुतखोला सामूदायिक वन उपभोक्ता समितिलाई मिति २०८०।०८।०८ गते बोलाउने निर्णय गरियो ।

८. गाउँपालिकाको मिति २०८०।०७।२२ गतेको गाउँ शिक्षा समितिको निर्णय अनुसार अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान श्री आधारभूत विद्यालय, तिनाउ-६, सिर्जना आधारभूत विद्यालय, तिनाउ-३ र सिद्ध आधारभूत विद्यालय, तिनाउ-१ लाई उपलब्ध गराउने निर्णय गरियो ।

९. गाउँपालिकाको मिति २०८०।०७।२२ गतेको गाउँ शिक्षा समितिको निर्णय अनुसार विज्ञान प्रयोगशाला युवा वर्ष मा.वि. तिनाउ-१ र पुस्तकालय व्यवस्थापन कार्यक्रम पृथ्यवी प्रकाश मा.वि. तिनाउ-४ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

१०. यस गाउँपालिकाको दोभान खोला र झुम्सा खोलाले विभिन्न ठाउँ कटान गरेकोले उक्त ठाउँमा तारजालीबाट नदी कटान नियन्त्रण गर्न जनताको तटबन्धन कार्यालय बुटवलबाट तारजाली माग गर्ने निर्णय गरियो ।

११. यस गाउँपालिकाको वडा नं. २ र ३ जोड्ने भुजेल बस्ती घाट झोलुङ्गे पुल निर्माणको लागि गाउँपालिकाले व्यहोर्नु पर्ने १३ प्रतिशत बराबरको रकम रु. ११६०१६९।२८ रकम आगामी गाउँसभाबाट सुनिश्चित गर्ने गरी हाललाई उपभोक्ता समितिसँग सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।